# काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड
## चौथो वार्षिक साधारण सभामा भएका निर्णय

मिति २०७२/११/२१ गते वसेको यस कम्पनीको चौथो साधारण वार्षिक सभाबाट भएका निर्णयहरु

| बैठक नं. | प्रस्ताव नं. | बिषय | निर्णय |
|---|---|---|---|
| १ | १ | साधारण सभामा अध्यक्षता गर्ने । | उपरोक्त सम्बन्धमा आजको यस सभामा उपस्थित संचालकहरु र शेयरधनी प्रतिनिधिहरुबाट यस सभाको अध्यक्षता गर्न शेयरधनी श्री खानेपानी तथा सरसफाई मन्त्रालयका प्रतिनिधि एवं संचालक ई. श्री घनश्याम भट्टराईलाई सर्वसम्मतिमा छानियो । |
| १ | २ | संचालक समितिको प्रतिवेदन पारित गर्ने बारे । | यसै साथ संलग्न यस कम्पनीको आ.ब. २०६८/०६९ र २०६९/०७० का संचालक समितिको तर्फबाट पेश गरिएको प्रतिवेदनलाई पारित गर्ने निर्णय गरियो । |
| १ | ३ | लेखा परीक्षकको प्रतिवेदन सहित आ.ब. २०६८/०६९ र २०६९/०७० को आर्थिक विवरण पारित गर्ने बारे । | यसै साथ संलग्न यस कम्पनीको लेखा परीक्षकको प्रतिवेदन सहित आ.ब. २०६८/०६९ र २०६९/०७० को आर्थिक विवरणहरु पारित गर्ने निर्णय गरियो । |
| १ | ४ | आ.ब. २०७१/०७२ को लेखा परिक्षण गर्न लेखा परिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने बारे । | श्री के.के. बुढाथोकी एण्ड एशोसियट्सलाई यस कम्पनीको आ.ब. २०७१/०७२ को लेखा परिक्षण (कर लेखा परिक्षण समेत) गर्न लेखा परिक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रामिक रु. ३,००,०००। (मू.अ.क. बाहेक) तोक्ने निर्णय गरियो । |
| १ | ५ | पत्रहरुको जानकारी बारे । | उपरोक्त बारे जानकारी प्राप्त भयो । उपरोक्त बिषयहरु सम्बन्धीत प्रस्तावहरुसंगै छलफल गर्ने निर्णय गरियो । |
| १ | ६ | एशियाली विकास बैंक तर्फको स्वतन्त्र संचालक अनुमोदन सम्बन्धमा । | उपरोक्त सम्बन्धमा एशियाली विकास बैंकका तर्फबाट ई. श्री कमल राज पाण्डेलाई स्वतन्त्र संचालकमा अनुमोदन गर्ने निर्णय गरियो । |
| १ | ७ | दुई जना स्वतन्त्र संचालकहरु नियुक्ति वा मनोनयन गर्ने बारे । | उपरोक्त स्वतन्त्र संचालक सिफारिस समितिले वर्णानुक्रममा सिफारिस गरिएका उम्मेदवारहरु मध्ये मास्टर ईन कमर्श शैक्षिक योग्यता भएका श्री महेश्वर भक्त श्रेष्ठ र मास्टर ईन साईन्स शैक्षिक योग्यता भएका श्री हरि गोपाल श्रेष्ठलाई स्वतन्त्र संचालकमा नियुक्ति गर्ने निर्णय गरियो । |
| १ | विशेष प्रस्ताव १ | कम्पनीको नियमावली, प्रबन्धपत्र तथा शेयरधनी सम्झौतामा आवश्यक संशोधन गर्ने बारे । | उपरोक्त सम्बन्धमा आवश्यक परिमार्जन गरि संशोधन सहितको यसै साथ संलग्न कम्पनीको नियमावली तथा शेयरधनी सम्झौता स्वीकृत गर्ने निर्णय गरियो । |
| १ | विशेष प्रस्ताव २ | यस कम्पनी र महाप्रबन्धक वीचको कार्य सम्पादन करारीय सम्झौतामा पुनरावलोकन गर्ने बारे । | उपरोक्त सम्बन्धमा संचालक समितिबाटै उक्त कार्य सम्पादन करारीय सम्झौतामा पुनरावलोकन एवं परिमार्जन गर्न निर्देशन दिईयो । |
| १ | विविध | धन्यवाद ज्ञापन बारे । | पेश भए बमोजिम सबैमा कृतज्ञता तथा धन्यवाद ज्ञापन गर्दै यस चौथो वार्षिक साधारण सभा सफलतापूर्वक सम्पन्न गरियो । |

## काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड

## कम्पनीको नियमावलीमा चौथो वार्षिक साधारण सभाबाट स्वीकृत संशोधन, २०७२

| क्र.सं. | नियम नं. | मिति २०६३/९/९ को मौजुदा नियमावलीका प्रावधान | प्रथम वार्षिक साधारण सभाबाट संशोधन भई कम्पनी रजिष्ट्रार कार्यालयमा द.नं.: २०४९० , मिति २०६५/२/२ मा दर्ता भएको | तेश्रो साधारण सभाबाट स्वीकृत प्रावधान | चौथो साधारण सभाबाट स्वीकृत संशोधन | संशोधन गर्न पर्नाको पुष्ट्याई | कम्पनी ऐन २०६३को सम्बन्धीत दफा नं. |
|---|---|---|---|---|---|---|---|
| १ | ८(३) | सञ्चालकहरुको कार्यकाल चार बर्ष हुनेछ । तर पहिलो पटक सञ्चालक नियुक्त वा मनोनयन वा निर्वाचन गर्दा एकतिहाई सञ्चालक दुई बर्ष, एकतिहाई सञ्चालक तीन बर्ष र एकतिहाई सञ्चालक चार बर्षका लागि नियुक्त हुनेछन् र त्यसपछि मनोनयन वा नियुक्त वा निर्वाचन गर्दा मात्र पुरै ४ बर्षको कार्यकालका लागि मनोनयन वा नियुक्ती वा निर्वाचित गरिनेछ । | संचालकहरुको कार्यकाल चार बर्ष हुनेछ । सो संशोधित व्यवस्था लागु हुनु अगाडी नियुक्ति भएका संचालकको पदावधि चार बर्ष सम्म कायम रहनेछ । | ८(३) नेपाल सरकार वा संगठित संस्थाद्वारा नियुक्त संचालक नेपाल सरकार वा नियुक्त गर्ने संगठित संस्थाको ईच्छानुसारको अवधिसम्म आफ्नोपदमा बहाल रहने र सो बाहेकका अन्य संचालकको पदावधि दुई बर्षको हुनेछ । | ८(३) शेयरधनी संस्थाहरुद्वारा नियुक्त संचालक सो संस्थाहरुको ईच्छानुसार बढिमा ४(चार) बर्षको अवधिसम्म आफ्नो पदमा बहाल रहने छन् । सो बाहेकका अन्य संचालकको पदावधि चार बर्षको हुनेछ । | कम्पनी ऐनको प्रावधान अनुसार मिलाईएको | दफा ९०(२) |
| २ | ८(६) | | | ८(६) संचालक समितिका सदस्यहरुले आफूहरु मध्येबाट छानेको कुनै एक जना संचालक संचालक समितिको अध्यक्ष हुनेछ । | ८(६) संचालक समितिका सदस्यहरुले आफूहरु मध्येबाट छानेको कुनै एक जना संचालक संचालक समितिको अध्यक्ष हुनेछ । प्रत्येक वार्षिक साधारण सभा सम्पन्न भए पछिको संचालक समितिको पहिलो बैठकबाट अध्यक्ष छानिने छ । | अध्यक्षको छनौट सम्बन्धमा व्यवस्था गर्न आवश्यक भएकोले | ८६.४) |

| क्र.सं. | नियम नं. | मिति २०६३/९/९ को मौजुदा नियमावलीका प्रावधान | प्रथम वार्षिक साधारण सभाबाट संशोधन भई कम्पनी रजिष्ट्रार कार्यालयमा द.नं.: २०४९० मिति २०६५/२/२ मा दर्ता भएको | तेश्रो साधारण सभाबाट स्वीकृत प्रावधान | चौथो साधारण सभाबाट स्वीकृत संशोधन | संशोधन गर्न पर्नाको पुष्ट्याई | कम्पनी ऐन २०६३को सम्बन्धीत दफा नं. |
|---|---|---|---|---|---|---|---|
| ३ | ११(१) | कम्पनी संस्थापना भएको पहिलो छ बर्ष सम्म सञ्चालक समितिको संरचना देहाय बमोजिम हुनेछ :<br>(क) नेपाल सरकारले मनोनयन वा नियूक्त गरेको सञ्चालक - एकजना<br>(ख) काठमाण्डौ महानगरपालिकाले मनोनयन वा नियुक्त गरेको सञ्चालक – एकजना<br>(ग) ललितपूर उप महानगरपालिका मनोनयन वा नियुक्त गरेको सञ्चालक - एकजना<br>(घ) नेपाल चेम्बर अफ कमर्सले मनोनयन वा नियूक्त गरेको सञ्चालक - एकजना | | ११(१) कम्पनीको संचालक समितिको संरचना देहाय बमोजिम हुनेछ :<br>क) नेपाल सरकार, सहरी विकास मन्त्रालयले मनोनयन वा नियुक्ति गरेको संचालक दुई जना<br>ख) काठमाण्डौ महानगरपालिकाले कम्तीमा वरिष्ठ अधिकृतस्तरका कर्मचारीहरु मध्येबाट मनोनयन वा नियुक्त गरेको संचालक दुई जना<br>ग) ललितपुर उपमहानगरपालिकाको कार्यकारी अधिकृत वा निजले वरिष्ठ अधिकृतस्तरका कर्मचारीहरु मध्येबाट मनोनयन वा नियुक्त एक जना<br>घ) नेपाल चेम्बर अफ कमर्सले मनोनयन वा नियुक्त गरेको संचालक - एक जना | ११(१) कम्पनीको संचालक समितिको संरचना देहाय बमोजिम हुनेछ :<br>क) नेपाल सरकार, ताल्लुकवाला मन्त्रालयले मनोनयन वा नियुक्ति गरेको संचालक - दुई जना।<br>ख) काठमाण्डौ महानगरपालिकाले कम्तीमा वरिष्ठ अधिकृतस्तरका कर्मचारीहरु मध्येबाट मनोनयन वा नियुक्त गरेको संचालक - दुई जना<br>ग) ललितपुर उपमहानगरपालिकाको कार्यकारी अधिकृत वा निजले वरिष्ठ अधिकृतस्तरका कर्मचारीहरु मध्येबाट मनोनयन वा नियुक्त – एक जना<br>घ) नेपाल चेम्वर अफ कमर्स, नेपाल उद्योग वाणिज्य महासंघ, भक्तपुर उद्योग वाणिज्य संघ र ललितपुर उद्योग वाणिज्य संघले आलोपालो गरि मनोनयन वा नियुक्त गरेको संचालक – एक जना | यस कम्पनी ताल्लुकवाला मन्त्रालय मातहत रहने व्यवस्था भएको हुंदा<br>संस्थापक शेयरधनी संस्थाहरुको प्रतिनिधित्व लाई थप सुनिश्चित गर्न | [illegible] |

| क्र.सं. | नियम नं. | मिति २०६३/९/९ को मौजुदा नियमावलीका प्रावधान | प्रथम वार्षिक साधारण सभाबाट संशोधन भई कम्पनी रजिष्ट्रार कार्यालयमा द.नं.: २०४९० मिति २०६५/२/२ मा दर्ता भएको | तेश्रो साधारण सभाबाट स्वीकृत प्रावधान | चौथो साधारण सभाबाट स्वीकृत संशोधन | संशोधन गर्न पर्नाको पुष्ट्याई | कम्पनी ऐन २०६३को सम्बन्धीत दफा नं. |
|---|---|---|---|---|---|---|---|
| | | (ङ) स्वतन्त्र सञ्चालक - तीनजना | | ङ) स्वतन्त्र संचालक - तीन जना | ङ) स्वतन्त्र संचालक - तीन जना | आवश्यक देखिएको | |
| ४ | ११(१क) | | | ११(१क) उपनियम (१) को खण्ड (क) बमोजिम नेपाल सरकार सहरी विकास मन्त्रालयले संचालक मनोनयन वा नियुक्त गर्दा एक जना संचालक सो मन्त्रालयको निजामती सेवाका रा.प.प्रथम श्रेणीका अधिकृतहरु मध्येबाट र अर्को एक जना संचालक सो मन्त्रालयको निजामती सेवाकै कम्तीमा रा.प.द्वितीय श्रेणीका अधिकृतहरु मध्येबाट मनोनयन वा नियुक्त गर्नु पर्नेछ ।<br><br>११(१ख) उपनियम (१) को खण्ड (ख) बमोजिम काठमाण्डौ महानगरपालिकाले मनोनयन वा नियुक्त गर्ने दुई जना संचालक मध्ये एक जना संचालकको हैसियतमा संभव भएसम्म कार्यकारी अधिकृतले प्रतिनिधित्व गर्नेछ । | ११(१क) उपनियम (१) को खण्ड (क) बमोजिम नेपाल सरकार तालुकवाला मन्त्रालयले संचालक मनोनयन वा नियुक्त गर्दा एक जना संचालक सो मन्त्रालयको निजामती सेवाका रा.प.प्रथम श्रेणीका अधिकृतहरु मध्येबाट र अर्को एक जना संचालक सो मन्त्रालयको निजामती सेवाकै कम्तीमा रा.प.द्वितीय श्रेणीका अधिकृतहरु मध्येबाट मनोनयन वा नियुक्त गर्नु पर्नेछ । | यस कम्पनी ताल्लुकवाला मन्त्रालय मातहत रहने व्यवस्था भएको हुँदा | |
| ५ | ११(२) | उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रबन्धपत्र बमोजिम सर्वसाधारणको लागि शेयर निश्काशन | | | ११(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि शेयरधनी सम्झौता बमोजिम सर्वसाधारणको | काठमाण्डौ उपत्यका | |

| क्र.सं. | नियम नं. | मिति २०६३/९/९ को मौजुदा नियमावलीका प्रावधान | प्रथम वार्षिक साधारण सभाबाट संशोधन भई कम्पनी रजिष्ट्रार कार्यालयमा द.नं.: २०४९० मिति २०६५/२/२ मा दर्ता भएको | तेश्रो साधारण सभाबाट स्वीकृत प्रावधान | चौथो साधारण सभाबाट स्वीकृत संशोधन | संशोधन गर्न पर्नाको पुष्ट्याई | कम्पनी ऐन २०६३को सम्बन्धीत दफा नं. |
|---|---|---|---|---|---|---|---|
| | | नभए सम्म कम्पनीमा दुईजना शेयरधनीले मनोनयन वा नियुक्त वा निर्वाचित गरेका स्वतन्त्र सञ्चालक र एशियाली विकास बैंकले मनोनयन वा नियुक्त गरेको एक जना स्वतन्त्र सञ्चालक रहनेछन् । कम्पनीले प्रबन्धपत्रमा व्यवस्था भए बमोजिम भक्तपुर, किर्तिपुर तथा मध्येपुर थिमी नगरपालिका र सर्व साधारणमा शेयर निस्काशन गरेपछि एक जना सञ्चालक भक्तपुर, किर्तिपुर तथा मध्येपुर थिमी नगरपालिकाले संयुक्त रुपमा र एक जना सञ्चालक सर्व साधारणबाट निर्वाचित हुनेछ । सर्वसाधारणमा शेयर निस्काशन भए पछि प्रचलित कानूनको अधिनमा रही कम्पनीमा दुई जना मात्र स्वतन्त्र सञ्चालक राख्न वा आवश्यकता अनुसार सञ्चालकको संख्या थपघट गर्न सकिनेछ । | | | लागि शेयर निश्काशन नभए सम्म कम्पनीको साधारण सभाद्वारा मनोनयन वा नियुक्त वा निर्वाचित गरेका तीन स्वतन्त्र सञ्चालकहरु जसमध्ये एक एशियाली विकास बैंकले मनोनयन वा नियुक्त गरेको स्वतन्त्र संचालक रहनेछन् । कम्पनीले प्रबन्धपत्रमा व्यवस्था भए बमोजिम काठमाण्डौ जिल्ला, भक्तपुर जिल्ला र ललितपुर जिल्लाका काठमाण्डौ महानगरपालिका र ललितपुर उपमहानगरपालिका बाहेकका अन्य नगरपालिकाहरु र सर्व साधारणमा शेयर निस्काशन गरेपछि एक जना सञ्चालक काठमाण्डौ जिल्ला, भक्तपुर जिल्ला र ललितपुर जिल्लाका अन्य नगरपालिकाहरुले संयुक्त रुपमा र एक जना सञ्चालक सर्व साधारणबाट निर्वाचित हुनेछ । सर्वसाधारणमा शेयर निस्काशन भए पछि प्रचलित कानूनको अधिनमा रही कम्पनीमा दुई जना मात्र स्वतन्त्र सञ्चालक राख्न वा आवश्यकता अनुसार सञ्चालकको | भित्रका नयां नगरपालिकाहरु समेतको सहभागिता हुने व्यवस्था मिलाउन आवश्यक भएकोले | |

| क.सं. | नियम नं. | मिति २०६३/९/९ को मौजुदा नियमावलीका प्रावधान . | प्रथम वार्षिक साधारण सभाबाट संशोधन भई कम्पनी रजिष्ट्रार कार्यालयमा द.नं.: ३०४९० मिति २०६५/२/२ मा दर्ता भएको | तेश्रो साधारण सभाबाट स्वीकृत प्रावधान | चौथो साधारण सभाबाट स्वीकृत संशोधन | संशोधन गर्नु पर्नाको पुष्ट्याई | कम्पनी ऐन २०६३को सम्बन्धीत दफा नं. |
|---|---|---|---|---|---|---|---|
| | | | | | संख्या थपघट गर्न सकिनेछ । | | |
| ६ | ११(५) (क) | (क) संचालक पदमा मनोनयन वा नियुक्त हुने उम्मेदवारले व्यवस्थापन, वाणिज्य, वित्त, अर्थशास्त्र वा ईन्जिनियरीङ्ग बिषयमा स्नातक उपाधी हासिल गरेको वा सो सरहको व्यवसायीक योग्यता हासिल गरेको हुनु पर्नेछ । | | ११(५)(क) संचालक पदमा मनोनयन वा नियुक्त हुने उम्मेदवारले व्यवस्थापन, वाणिज्य, वित्त, अर्थशास्त्र, कानून वा ईन्जिनियरीङ्ग बिषयमा स्नातक उपाधी हासिल गरेको वा सो सरहको व्यवसायीक योग्यता हासिल गरेको हुनु पर्नेछ । | ११(५)(क) संचालक पदमा मनोनयन वा नियुक्त हुने उम्मेदवारले व्यवस्थापन, वाणिज्य, वित्त, अर्थशास्त्र, कानून वा ईन्जिनियरीङ्ग बिषयमा कम्तिमा स्नातक उपाधी हासिल गरेको हुनु पर्नेछ । | कम्पनी ऐन अनुसार मिलान गरिएको | ८९(२) (ग) |
| | (ख) | (ख) संचालकमा नियुक्त हुनका लागि उम्मेदवारले व्यवस्थापन, वित्त, ईन्जिनियरीङ्ग वा कम्पनीको कृयाकलापसंग सम्बन्धीत सेवा संचालन क्षेत्रमा कम्तिमा पांच बर्षको व्यवहारीक अनुभव हासिल गरेको हुनु पर्नेछ । | | ११(५)(ख) संचालकमा नियुक्त हुनको लागि उम्मेदवारले व्यवस्थापन, वित्त, ईन्जिनियरीङ्ग, कानून वा कम्पनीको कृयाकलापसंग सम्बन्धित सेवा संचालन क्षेत्रमा कम्तिमा पांच बर्षको व्यवहारिक अनुभव हासिल गरेको हुनु पर्नेछ । | ११(५)(ख) संचालकमा नियुक्त हुनको लागि उम्मेदवारले व्यवस्थापन, वित्त, ईन्जिनियरीङ्ग, कानून वा कम्पनीको कृयाकलापसंग सम्बन्धित सेवा संचालन क्षेत्रमा कम्तिमा दश बर्षको कार्य अनुभव हासिल गरेको हुनु पर्नेछ । | | |
| ७ | ११(६) | संचालक समितिको प्रथम बैठक नभए सम्म संचालक समितिको गठन प्रकृयाको सहजकर्ताको रुपमा नेपाल सरकारबाट मनोनयन भएको सञ्चालकले काम गर्नेछ र संचालक समितिको पहिलो बैठक निजले नै बोलाउने छ । | | | ११(६) झिकिएको । | आवश्यक नभएकोले | |

| क्र.सं. | नियम नं. | मिति २०६३/९/९ को मौजुदा नियमावलीका प्रावधान | प्रथम वार्षिक साधारण सभाबाट संशोधन भई कम्पनी रजिष्ट्रार कार्यालयमा द.नं.: २०४९० मिति २०६५/२/२ मा दर्ता भएको | तेश्रो साधारण सभाबाट स्वीकृत प्रावधान | चौथो साधारण सभाबाट स्वीकृत संशोधन | संशोधन गर्न पर्नाको पुष्ट्याई | कम्पनी ऐन २०६३को सम्बन्धीत दफा नं. |
|---|---|---|---|---|---|---|---|
| ८ | २०(१) | कम्पनीको कार्यकारी प्रमुखको रुपमा काम गर्न प्रबन्ध सन्चालक नियुक्त नगरिएको अवस्थामा सन्चालक समितिले कम्पनीको कार्यकारी प्रमुखको रुपमा काम गर्न महाप्रन्धक नियुक्त गर्न सक्नेछ । | कम्पनीको दैनिक कामं कारवाही संचालन तथा व्यवस्थापन गर्न संचालक समितिले प्रमुख कार्यकारी अधिकृतको रुपमा काम गर्न एक जना महाप्रबन्धक नियुक्त गर्नेछ | २०(१) कम्पनीको कार्यकारी प्रमुखको रुपमा काम गर्न संचालक समितिले प्रमुख कार्यकारी अधिकृत वा महाप्रबन्धक एक जना नियुक्त गर्नेछ । तर संचांलक समितिले त्यसरी नियुक्ति गर्न नसकेको अवस्थामा सहरी विकास मन्त्रालयले सो मन्त्रालयका कम्तीमा रा.प.द्वितीय श्रेणीका अधिकृतहरु वा कम्पनीका वरिष्ठतम अधिकृतहरु मध्येबाट कुनै एक जनालाई महाप्रबन्धकको हैसियतमा कामकाज गर्ने गरी तोक्न सक्नेछ । | २०(१) कम्पनीको कार्यकारी प्रमुखको रुपमा काम गर्न संचालक समितिले प्रमुख कार्यकारी अधिकृत वा महाप्रबन्धक एक जना नियुक्त गर्नेछ । तर संचालक समितिले त्यसरी नियुक्ति गर्न नसकेको अवस्थामा ताल्लुकवाला मन्त्रालयले सो मन्त्रालयका कम्तीमा रा.प.द्वितीय श्रेणीका अधिकृतहरु वा कम्पनीका वरिष्ठतम अधिकृतहरु मध्येबाट कुनै एक जनालाई बढीमा ९० दिनको लागि महाप्रबन्धकको हैसियतमा कामकाज गर्ने गरी तोक्न सक्नेछ । | यस कम्पनी ताल्लुकवाला मन्त्रालय मातहत रहने व्यवस्था भएको हुंदा | |
| ९ | ४१ (१०) नयां थप | | | ४१(१०) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि संचालक समितिले निर्धारण गरेको आचार संहिता उलंघन गर्ने संचालक समितिको अध्यक्षलाई तीन चौथाई वहुमतले र संचालक वा स्वतन्त्र संचालकलाई दुई तिहाई वहुमतले संचालक समितिको बैठकमा अविश्वासको प्रस्ताव पारित गरि पद मुक्त गर्न सक्नेछ । | ४१(१०) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि संचालक समितिले निर्धारण गरेको आचार संहिता उल्लघंन गर्ने संचालक समितिको अध्यक्ष, संचालक वा स्वतन्त्र संचालकलाई संचालक समितिको कुल सदस्य संख्याको दुई तिहाई वहुमतले संचालक समितिको बैठकमा अविश्वासको प्रस्ताव पारित गरि पद मुक्त गर्न सक्नेछ । | आचार संहिता कार्यान्वयन गर्न | |

# कम्पनी संस्थापन गर्ने सम्बन्धमा

शेयरधनी सम्झौता पत्र, २०७२

संस्थापक शेयरधनीहरु बीच सम्वत २०६३/८/१३ मा सम्पन्न सम्झौता पत्रमा २०७१/६/२४ गते संशोधित भएकोमा सम्झौता पत्रको शर्त नं. १९ को अधिनमा रहि चौथो वार्षिक सभाबाट स्वीकृत संशोधन

| शर्त नं. | मिति २०६३/८/१३ को प्रावधान | तेश्रो साधारण सभाबाट स्वीकृत प्रावधान | चौथो साधारण सभाबाट स्वीकृत संशोधन | संशोधन गर्न पर्नाको पुष्ट्याई |
|---|---|---|---|---|
| २(ग)(६) | भक्तपुर नगरपालिका, किर्तिपुर नगरपालिका र मध्यपुर थिमी नगरपालिका प्रत्येकको लागि १०,००० कित्ता साधारण शेयरको हिसावले जम्मा ३०,००० कित्ता साधारण शेयर सुरक्षित गरिएको छ र ती नगरपालिकाहरुले सुरक्षित गरिएका कम्पनीको साधारण शेयर लिन चाहेमा जहिले सुकै लिन सक्नेछन् । भक्तपुर नगरपालिका, किर्तिपुर नगरपालिका र मध्यपुर थिमी नगरपालिका मध्ये कुनै वा सबैले सुरक्षित गरिएको भन्दा बढी शेयर लिन चाहेमा बाकी जारी पूंजीबाट शेयर निस्काशन गरी दिन सकिने छ । | | २(ग)(६) काठमाण्डौ जिल्ला, भक्तपुर जिल्ला र ललितपुर जिल्लाका काठमाण्डौ महानगरपालिका र ललितपुर उपमहानगरपालिका बाहेकका अन्य नगरपालिकाहरु प्रत्येकको लागि बराबर कित्ता साधारण शेयरको हिसावले जम्मा ३०,००० कित्ता साधारण शेयर सुरक्षित गरिएको छ र ती नगरपालिकाहरुले सुरक्षित गरिएको कम्पनीको साधारण शेयर लिन चाहेमा २०७४ असार मसान्त भित्रमा लिन सक्नेछन् । कुनै वा सबै नगरपालिकाहरुले सुरक्षित गरिएको भन्दा बढी शेयर लिन चाहेमा बांकी जारी पुंजीबाट शेयर निश्काशन गरि दिन सकिनेछ । | थप नगरपालिकाहरुलाई समावेश गर्नको लागि |
| २(घ) | पक्षहरुले लिन कबुल गरेको र भक्तपुर नगरपालिका, किर्तिपुर नगरपालिका र मध्येपुर थिमी नगरपालिका तथा कर्मचारी ट्रष्टको लागि सुरक्षित गरिएका साधारण शेयरहरु जारी पूंजीको साधारण शेयरहरुमा विभाजित अंशको ७५% मात्र हो भन्ने कुरा पक्षहरुले बुझेका एवं मंजुर गरेका छौ र जारी पूंजीमध्येबाट निस्काशन गरिने अग्राधिकार शेयर संस्थानबाट कम्पनीमा हस्तान्तरण भई आएको सम्पत्ति वापत निस्काशन तथा बांडफांड गरिनेछ । | | २(घ) पक्षहरुले लिन कबुल गरेको र काठमाण्डौ जिल्ला, भक्तपुर जिल्ला र ललितपुर जिल्लाका काठमाण्डौ महानगरपालिका र ललितपुर उपमहानगर- पालिका बाहेकका अन्य नगरपालिकाहरु तथा कर्मचारी ट्रष्टको लागि सुरक्षित गरिएका साधारण शेयरहरु जारी पूंजीको साधारण शेयरहरुमा विभाजित अंशको ७५% मात्र हो भन्ने कुरा पक्षहरुले बुझेका एवं मंजुर गरेका छौ र जारी पूंजीमध्येबाट निस्काशन गरिने अग्राधिकार शेयर संस्थानबाट कम्पनीमा हस्तान्तरण भई आएको सम्पत्ति वापत निस्काशन तथा बांडफांड गरिनेछ । | थप नगरपालिकाहरुलाई समावेश गर्नको लागि |
| ७(क) | कम्पनीमा तीन जना स्वतन्त्र सञ्चालक सहित | ७(क) कम्पनीमा तीन जना स्वतन्त्र सञ्चालक | कम्पनीको संचालक समितिको संरचना देहाय | यस कम्पनी |

| शर्त नं. | मिति २०६३/८/१३ को प्रावधान | तेश्रो साधारण सभाबाट स्वीकृत प्रावधान | चौथो साधारण सभाबाट स्वीकृत संशोधन | संशोधन गर्न पर्नाको पुष्ट्याई |
|---|---|---|---|---|
| | निम्न बमोजिम सात जना सञ्चालक रहेको एक सञ्चालक समिति रहनेछ ।<br>(१) नेपाल सरकारले मनोनित वा नियुक्त गरेको एक जना सञ्चालक,<br>(२) काठमाण्डौ महानगरपालिकाले मनोनित वा नियुक्त गरेको एक जना सञ्चालक,<br>(३) ललितपुर उप महानगरपालिकाले मनोनित वा नियुक्त गरेको एक जना सञ्चालक,<br>(४) चेम्वर अफ कमर्सले मनोनित वा नियुक्त गरेको एक जना सञ्चालक, | सहित निम्न बमोजिम सात जना सञ्चालक रहेको एक सञ्चालक समिति रहनेछ ।<br>(१) नेपाल सरकारले मनोनित वा नियुक्त गरेको दुई जना<br>(२) काठमाण्डौ महानगरपालिकाले मनोनित वा नियुक्त गरेको दुई जना<br>(३) ललितपुर उप महानगरपालिकाले मनोनित वा नियुक्त गरेको एक जना सञ्चालक,<br>(४) चेम्वर अफ कमर्सले मनोनित वा नियुक्त गरेको एक जना सञ्चालक, | बमोजिम हुनेछ :<br>१) नेपाल सरकार, ताल्लुकवाला मन्त्रालयले मनोनयन वा नियुक्ति गरेको संचालक - दुई जना<br>२) काठमाण्डौ महानगरपालिकाले मनोनित वा नियुक्त गरेको दुई जना<br>३) ललितपुर उप महानगरपालिकाले मनोनित वा नियुक्त गरेको एक जना सञ्चालक,<br>४) नेपाल चेम्वर अफ कमर्स, नेपाल उद्योग वाणिज्य महासंघ, भक्तपुर उद्योग वाणिज्य संघ र ललितपुर उद्योग वाणिज्य संघले आपसी सहमतिमा आलोपालो गरि मनोनयन वा नियुक्त गरेको संचालक – एक जना | ताल्लुकवाला मन्त्रालय मातहत रहने व्यवस्था भएको हुँदा<br><br>संस्थापक शेयरधनी संस्थाहरुको प्रतिनिधित्व लाई थप सुनिश्चित गर्न आवश्यक देखिएको |
| | (५) प्रचलित कम्पनी ऐन तथा कम्पनीको नियमावली तोकिए बमोजिम योग्यता पुगेका व्यक्तिहरु मध्येबाट यस सम्झौताको अधिनमा रही शेयरधनीहरुले निर्वाचित गरेको तीन जना स्वतन्त्र सञ्चालक ।<br>तर एशियाली विकास बैंकको ऋण नं. २०५९-NEP(SF) बाट व्यवस्थापन करार अन्तर्गत व्यवस्थापन परामर्शदाताको स्थिर शुल्क(Fixed Fee) तिरिंदासम्म एशियाली विकास बैंकले चाहेमा एक जना स्वतन्त्र संचालक मनोनयन गर्ने अधिकार हुनेछ र त्यसरी एशियाली विकास बैंकले संचालक मनोनयन नगरेमा . शेयरधनीहरुले नै सबै स्वतन्त्र संचालक नियुक्त गर्नेछ । | (५) प्रचलित कम्पनी ऐन तथा कम्पनीको नियमावली तोकिए बमोजिम योग्यता पुगेका व्यक्तिहरु मध्येबाट यस सम्झौताको अधिनमा रही शेयरधनीहरुले निर्वाचित गरेको तीन जना स्वतन्त्र सञ्चालक ।<br>तर एशियाली विकास बैंकको ऋण नं. २०५९-NEP(SF) बाट व्यवस्थापन करार अन्तर्गत व्यवस्थापन परामर्शदाताको स्थिर शुल्क(Fixed Fee) तिरिंदासम्म एशियाली विकास बैंकले चाहेमा एक जना स्वतन्त्र संचालक मनोनयन गर्ने अधिकार हुनेछ र त्यसरी एशियाली विकास बैंकले संचालक मनोनयन नगरेमा शेयरधनीहरुले नै सबै स्वतन्त्र संचालक नियुक्त गर्नेछ । | ५) स्वतन्त्र संचालक - तीन जना<br><br>तर कम्पनीको सञ्चालन तथा व्यवस्थापनका लागि एशियाली विकास बैंकको ऋण सहयोग प्रत्येक्ष वा परोक्ष रुपमा प्राप्त भएमा एक स्वतन्त्र सञ्चालक एशियाली विकास बैंकले मनोनयन गर्न सक्नेछ र एशियाली विकास बैंकले त्यस्तो सञ्चालक मनोनयन नगरेमा शेयरधनीहरुले संयुक्त रुपमा सहमत भई स्वतन्त्र सञ्चालक नियुक्त गर्न सक्नेछन् । | एशियाली विकास बैंकबाट ऋण सहयोग प्राप्त भै रहेकोले |
| | (६) भक्तपुर नगरपालिका, मध्यपुरथिमी नगरपालिका | (६) भक्तपुर नगरपालिका, मध्येपुर थिमि | (६) काठमाण्डौ जिल्ला, भक्तपुर जिल्ला र | थप |

| क्र.सं. | शर्त नं. | मिति २०६३/८/१३ को प्रावधान | तेश्रो साधारण सभाबाट स्वीकृत प्रावधान | चौथो साधारण सभाबाट स्वीकृत संशोधन | संशोधन गर्न पर्नाको पुष्ट्याई |
|---|---|---|---|---|---|
| | | र किर्तिपुर नगरपालिकाले ती नगरपालिकाहरुका लागि सुरक्षित गरिएका कम्पनीको साधारण शेयर लिएमा ती नगरपालिकाहरुले आलोपालो गरी मनोनित गरेको वा नियुक्त वा निर्वाचित गरेको एक जना सञ्चालक, | नगरपालिका र किर्तिपुर नगरपालिकाले ती नगरपालिकाहरुका लागि सुरक्षित गरिएका कम्पनीको साधारण शेयर लिएमा ती नगरपालिकाहरुले आलोपालो गरी मनोनित गरेको वा नियुक्त वा निर्वाचित गरेको एक जना संचालक,<br><br>(८) उपनियम (१) बमोजिम नेपाल सरकार सहरी विकास मन्त्रालयले संचालक मनोनयन वा नियुक्त गर्द एक जना संचालक सो मन्त्रालयको निंजामति सेवाका रा.प.प्रथम श्रेणीका अधिकृतहरु मध्येबाट र अर्को एक जना संचालक सो मन्त्रालयको निजामती सेवाकै कम्तीमा रा.प.द्वितीय श्रेणीका अधिकृतहरुमध्येबाट मनोनयन वा नियुक्त गर्नु पर्नेछ । | ललितपुर जिल्लाका काठमाण्डौ महानगरपालिका र ललितपुर उपमहानगरपालिका बाहेकका अन्य नगरपालिकाहरुका लागि सुरक्षित गरिएका कम्पनीको शेयर लिएमा ती नगरपालिकाहरुले आपसी सहमतिमा आलोपालो गरी मनोनित गरेको वा नियुक्त वा निर्वाचित गरेको एक जना संचालक,<br>(८) उपनियम (१) बमोजिम नेपाल सरकार ताल्लुकवाला मन्त्रालयले संचालक मनोनयन वा नियुक्त गर्द एक जना संचालक सो मन्त्रालयको निजामति सेवाका रा.प.प्रथम श्रेणीका अधिकृतहरु मध्येबाट र अर्को एक जना संचालक सो मन्त्रालयको निजामती सेवाकै कम्तीमा रा.प.द्वितीय श्रेणीका अधिकृतहरुमध्येबाट मनोनयन वा नियुक्त गर्नु पर्नेछ । | नगरपालिका हरुलाई समावेश गरिएको<br><br>यस कम्पनी ताल्लुकवाला मन्त्रालय मातहत रहने व्यवस्था भएको हुंदा |
| ४. | ७(ख) | भक्तपुर, मध्यपुरथिमी र किर्तिपुर नगरपालिकाको हकमा, ती नगरपालिकाहरुले आपसी सहमतिबाट संयुक्त रुपमा सञ्चालक मनोनयन वा नियुक्ति वा निर्वाचित गर्नेछन् र त्यसरी सञ्चालक मनोनयन वा नियुक्ति वा निर्वाचित गर्दा आलोपालो गरी मनोनयन वा नियुक्ति वा निर्वाचित गर्नुपर्ने छ । त्यस्तै सर्वसाधारणमा शेयर निस्काशन भएपछि एक जना सञ्चालक सर्वसाधारणबाट निर्वाचित हुने छ । | | काठमाण्डौ जिल्ला, भक्तपुर जिल्ला र ललितपुर जिल्लाका काठमाण्डौ महानगरपालिका र ललितपुर उपमहानगरपालिका बाहेकका अन्य नगरपालिकाहरुका लागि सुरक्षित गरिएका कम्पनीको शेयर लिएमा ती नगरपालिकाहरुले आपसी सहमतिबाट संयुक्त रुपमा एक जना संचालक मनोनयन वा नियुक्ति वा निर्वाचित गर्नेछन् । त्यसरी संचालक मनोनय वा नियुक्ति वा निर्वाचित गर्दा आपसी सहमतिमा आलोपालो गरी मनोनयन वा नियुक्ति वा निर्वाचित गर्नु पर्नेछ । | थप नगरपालिका हरुलाई सहभागि गर्नको लागि |
| | ७(ङ) | ~~शेयरधनी वा शेयरधनीको समुहले सञ्चालक~~ मनोनयन वा नियुक्ति वा निर्वाचित गर्दा चार बर्षको पदावधीको निमित्त मनोनयन वा नियुक्ति | ७(ङ) नेपाल सरकार वा संगठित संस्थाद्वारा नियुक्त संचालक नेपाल सरकार वा नियुक्त गर्ने संगठित संस्थाको ईच्छाअनुसारको | ७(ङ) शेयरधनी संस्थाहरुद्वारा नियुक्त संचालक सो संस्थाहरुको ईच्छानुसार बढिमा ४(चार) बर्षको अवधिसम्म आफ्नो पदमा वहाल रहने | पदावधिको हकमा कम्पनी ऐन अनुकुल |

| क.सं. | शर्त नं. | मिति २०६३/८/१३ को प्रावधान | तेश्रो साधारण सभाबाट स्वीकृत प्रावधान | चौथो साधारण सभाबाट स्वीकृत संशोधन | संशोधन गर्नुपर्नाको पुष्ट्याई |
|---|---|---|---|---|---|
| | | निर्वाचित गर्नु पर्ने छ र समान्यत: सो अवधीभर सञ्चालक हेरफेर गर्न पाईने छैन । | अवधिसम्म आफ्नो पदबाट वहाली रहने र सो बाहेकका अन्य संचालकको पदावधि दुई बर्षको हुनेछ । | छन् । सो बाहेकका अन्य संचालकको पदावधि चार बर्षको हुनेछ । | बनाउन आवश्यक भएको |
| ६. | ७(च) | कम्पनीमा तीन जना स्वतन्त्र सञ्चालक रहनेछन् र स्वतन्त्र संचालकको पदावधी पनि चार बर्षको हुनेछ ।<br>तर कम्पनीले पहिलो पटक संचालक समिति गठन गर्दा स्वतन्त्र संचालकहरु मध्ये एक जना स्वतन्त्र संचालकको पदावधि दुई बर्ष, एक जना स्वतन्त्र संचालकको पदावधि तीन बर्ष र एक जना स्वतन्त्र संचालकको पदावधि चार बर्षको हुने गरि नियुक्त वा निर्वाचित गर्नु पर्नेछ र त्यस पछि चार बर्षको पुरै अवधिको लागि नियुक्त वा निर्वाचित गर्नु पर्नेछ । | ७(च) कम्पनीमा तीन जना स्वतन्त्र सञ्चालक रहनेछन् र स्वतन्त्र संचालकको पदावधी दुई बर्षको हुनेछ । | ७(च) कम्पनीमा तीन जना स्वतन्त्र सञ्चालक रहनेछन् र स्वतन्त्र संचालकको पदावधी चार बर्षको हुनेछ । | कम्पनी ऐन बमोजिम मिलाईएको |
| ७. | ७(छ) | एशियाली विकास बैंकको ऋण नं. २०५९ – NEP (SF) बाट व्यवस्थापन करार अन्तर्गत व्यवस्थापन परामर्शदाताको स्थिर शुल्क (Fixed Fee) तिरी नसके सम्म, एशियाली विकास बैंकलाई एक जना स्वतन्त्र सञ्चालक मनोनयन गर्ने अधिकार हुनेछ । त्यसरी एशियाली विकास बैंकले स्वतन्त्र सञ्चालक मनोनयन वा नियुक्त गर्ने भएमा पहिलो पटक सञ्चालक समिति गठन गर्दा एशियाली विकास बैंकले मनोनयन वा नियुक्त गरेको सञ्चालकको पदावधी चार बर्ष हुने गरी गठन गर्नु पर्नेछ । | | ७(छ) कम्पनीको सञ्चालन तथा व्यवस्थापनका लागि एशियाली विकास बैंकको ऋण सहयोग प्रत्येक्ष वा परोक्ष रुपमा प्राप्त भएमा एक स्वतन्त्र सञ्चालक एशियाली विकास बैंकले मनोनयन गर्न सक्नेछ र एशियाली विकास बैंकले त्यस्तो सञ्चालक मनोनयन नगरेमा शेयरधनीहरुले संयुक्त रुपमा सहमत भई स्वतन्त्र सञ्चालक नियुक्त गर्न सक्नेछन् । | एशियाली विकास बैंकबाट ऋण सहयोग प्राप्त भई रहेकोले |
| ८. | ७(ध) | हरेक बर्ष सञ्चालकहरुले सञ्चालक समितिको अध्यक्ष भै काम गर्न आफुहरु मध्येबाट एक जना अध्यक्ष छान्नेछन् । कुनै पनि सञ्चालकले लगातार दुई बर्ष भन्दा बढी अवधीका लागि अध्यक्ष हुन पाउने छैन । | ७(ध) संचालक समितिका सदस्यहरुले आफुहरुमध्येबाट छानेको कुनै संचालक संचालक समितिको अध्यक्ष हुने छ । | ७(ध) संचालक समितिका सदस्यहरुले आफुहरुमध्येबाट छानेको कुनै संचालक संचालक समितिको अध्यक्ष हुने छ । प्रत्येक वार्षिक साधारण सभा सम्पन्न भए पछिको संचालक समितिको पहिलो बैठकबाट अध्यक्ष छानिने छ । | अध्यक्षको छनौट सम्बन्धमा व्यवस्था गर्न आवश्यक भएकोले |

| सं. | शर्त नं. | मिति २०६३/८/१३ को प्रावधान | तेश्रो साधारण सभाबाट स्वीकृत प्रावधान | चौथो साधारण सभाबाट स्वीकृत संशोधन | संशोधन गर्न पर्नाको पुष्ट्याई |
|---|---|---|---|---|---|
| | ८(ख) | (१) सञ्चालकमा पदमा मनोनयन वा नियुक्त हुने उम्मेदवारले व्यवस्थापंन, वाणिज्य, वित्त, अर्थशास्त्र, वा ईञ्जिनियरिङ्ग बिषयमा स्नातक उपाधी हासिल गरेको वा सो सरहको व्यवसायिक योग्यता हासिल गरेको हुनु पर्नेछ । | ८(ख)(१) सञ्चालकमा पदमा मनोनयन वा नियुक्त हुने उम्मेदवारले व्यवस्थापन, वाणिज्य, वित्त, अर्थशास्त्र, कानून वा ईञ्जिनियरिङ्ग बिषयमा स्नातक उपाधी हासिल गरेको वा सो सरहको व्यवसायिक योग्यता हासिल गरेको हुनु पर्नेछ । | ८(ख)(१) संचालक पदमा मनोनयन वा नियुक्त हुने उम्मेदवारले व्यवस्थापन, वाणिज्य, वित्त, अर्थशास्त्र, कानून वा ईम्जिनियरीङ्ग बिषयमा कम्तिमा स्नातक उपाधी हासिल गरेको हुनु पर्नेछ । | योग्यता निश्चित गर्न |
| ०. | | | ८(ख)(२) संचालकमा नियुक्त हुनको लागि उम्मेदवारले व्यवस्थापन, वित्त, ईञ्जिनियरीङ्ग, कानून वा कम्पनीको कृयाकलापसंग सम्बन्धित सेवा संचालन क्षेत्रमा कम्तिमा पांच बर्षको कार्य अनुभव हासिल गरेको हुनु पर्नेछ । | ८(ख)(२) संचालकमा नियुक्त हुनको लागि उम्मेदवारले व्यवस्थापन, वित्त, ईञ्जिनियरीङ्ग, कानून वा कम्पनीको कृयाकलापसंग सम्बन्धित सेवा संचालन क्षेत्रमा कम्तिमा दश बर्षको कार्य अनुभव हासिल गरेको हुनु पर्नेछ । | कम्पनी ऐन बमोजिम मिलाईएको |